भूमिकास्थान नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

नुवाकोट, अर्घाखाँची
५ नं. प्रदेश, नेपाल

प.सं.०७६/०७७
च.नं.

मिति :- २०७६/१२/२१

## विज्ञप्ति

मिति २०७६।१२।२० गते विहिबार Arghakhanchi.com भन्ने अनलाईन समाचारपत्रमा "भूमिकास्थान नगरपालिकामा कपडाका मास्कमा ठूलो भ्रष्ट्राचार, रु. ७।- मा पाइनेलाई रु. १७।- रुपैयाँ तिरियो" भन्ने समाचारप्रति भूमिकास्थान नगरपालिकाको गम्भीर ध्यानाकर्षण भएको छ ।

कोरोना भाइरसको महामारीको यस संकटको घडीमा भूमिकास्थान नगरपालिकाको मिति २०७६।१२।१९ गते बसेको वातावरण तथा विपद व्यवस्थापन समितिको बैठकले ४० हजार मास्क खरीद गरी नगरबासीहरुलाई वितरण गर्ने निर्णय गरेको छ । सो बमोजिम खरिद गर्ने प्रक्रिया नै अघि बढ्न नपाउँदै "रु. ७।- को मास्क रु. १७।- मा किनियो, बिल बनाईयो र ४ लाख भन्दा बढी कमिशनको खेल भयो" भन्ने कुरा कपोलकल्पित, हास्यास्पद र भ्रामक छ । वातावरण तथा विपद ब्यबस्थापन समितिबाट मास्क खरिद गर्ने निर्णय भएको भएता पनि जिल्ला प्रशासन कार्यालयबाट जारी भएको निर्देशन बमोजिम हाललाई नगरपालिकाले उक्त मास्क खरिद गर्ने कार्य नै स्थगित समेत गरि सकेको यसै विज्ञप्ति मार्फत जानकारी गराउँछौं ।

भूमिकास्थान नगरपालिकाले सम्पन्न गरेका तथा गरिरहेका निर्माण, परामर्श वा वस्तु खरिदको कार्य सार्वजनिक खरिद ऐन तथा नियमावली र प्रचलित अन्य कानून बमोजिम पारदर्शी र प्रतिष्पर्धाको आधारमा गरेको ब्यहोरा जगजाहेर छ । नगरपालिकाले गरेका विकास निर्माणका कार्यहरुमा ठेक्का ब्यबस्थापनबाट ब्यापक प्रतिष्पर्धा गराई ६ करोड भन्दा बढी बजेटको अतिरिक्त काम गरेको कुरालाई नजर अन्दाज गरी विकास निर्माणमा ५० प्रतिशत भन्दा बढी भ्रष्ट्राचार भयो भन्नु कुन हदको नैतिकता हो ?

साथै नगरपालिकाले प्रयोग गरिरहेका गाडी, कर्मचारी र जनप्रतिनिधिहरुले प्रयोग गरिरहेका मोटरसाईकल तथा नगरपालिका भित्रका प्रहरी चौकीले आवश्यक परेको बखत प्रयोग गरेका मोटरसाईकल बाहेक इन्धनमा खर्च नगरेको कुरा स्पष्ट पार्न चाहान्छौं ।

कोरोना भाइरस सम्बन्धमा नगरपालिकाले गरेका प्रयासहरु हामी सबैको सामु दिनको घाम जत्तिकै छर्लङ्ग छ । सो सम्बन्धमा नगरपालिकाले सरोकारवालाहरु बिच अभिमुखिकरण, औषधी ब्यबस्थापन, स्वास्थ्य सामग्री ब्यबस्थापन, क्वारेन्टाईन निर्माण, विदेशबाट आएकाहरुको लगत संकलन र राहत कोष स्थापना जस्ता कामहरु गरिरहेको समेत सबैलाई अवगत गराउन चाहान्छौं ।

यसरी भूमिकास्थान नगरपालिका प्रचलित ऐन, कानून पालना गर्दै सुशासन कायम गर्न निरन्तर अघि बढिरहेको सन्दर्भमा यस्ता कपोलकल्पित तथा भ्रामक समाचारहरुबाट सम्पूर्ण नगरबासीहरु विचलित नहुन र सचेत भई नगरपालिकालाई सहयोग गर्नुहुन यसै विज्ञप्ति मार्फत हार्दिक अपिल गर्दछौं ।

(नारायण प्रसाद भण्डारी)
प्रमुख प्रशासकीय अधिकृत

( खडानन्द बेल्बासे )
नगर उपप्रमुख

( रेशम थापा )
नगर प्रमुख